# नेपालको विद्यालय शिक्षा प्रणाली: गुणस्तर, सुशासन र प्रविधिसम्बन्धी नीतिगत विश्लेषण

**ताराप्रसाद गौतम**
सहायक क्याम्पस प्रमुख (प्रशासन), मदन भण्डारी मेमोरियल कलेज

**Article Info.**

**Article History**
Received: February 25, 2025
Accepted: April 28, 2025

**Email**
tara2jun@gmail.com

**Cite**
Gautam, T. P. (2025). नेपालको विद्यालय शिक्षा प्रणाली : गुणस्तर, सुशासन र प्रविधिसम्बन्धी नीतिगत विश्लेषण. *Shweta Shardul, 21*(1), 103–111. https://doi.org/ 10.5281/zenodo.15710542

**लेखसार**

प्रस्तुत लेखमा नेपालको विद्यालय शिक्षा प्रणालीसँग सम्बन्धित रहेर त्यसको व्याख्या, वर्णन र विश्लेषण गरिएको छ। गुणात्मक ढाँचामा संरचित यस लेखमा सामग्री सङ्कलन, पुस्तकालय अन्य र सामग्रीको विश्लेषण वर्णात्मक विधिबाट गरिएको छ । यस लेखमा नेपालको विद्यालय शिक्षा प्रणालीमा गुणस्तर, सुशासन र प्रविधिसँग सम्बन्धित नीतिगत विश्लेषण गरिएको छ। नेपालले विगत दुई दशकमा विद्यालय शिक्षाको पहुँच र समावेशितामा महत्त्वपूर्ण प्रगति हासिल गरेको छ। प्रारम्भिक तहमा करिब ९६ प्रतिशत बालबालिका विद्यालयमा भर्ना भएका छन्। तथापि सिकाइ उपलब्धि र गुणस्तर अपेक्षित स्तरमा पुग्न सकेको छैन। विभिन्न अनुसन्धानले विद्यार्थीले पाठ्यक्रमको आधाभन्दा कम मात्र सामग्री सिकेको देखाउँछ । शिक्षकको अस्थिर रोजगारी, असन्तुलित विद्यार्थी–शिक्षक अनुपात तथा पर्याप्त तालिमको अभावले गुणस्तरमा प्रभाव पारिरहेको छ। पाठ्यक्रम अद्यावधिक भए पनि ठूला बहुभाषिक तथा ग्रामीण विद्यालयहरूमा शिक्षणसामग्री र प्रशिक्षित शिक्षकको अभाव छ । सुशासनका दृष्टिले संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको कमी, राजनीतिक हस्तक्षेप, आदि विद्यालयका मुख्य समस्या रहेका छन् । शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रयास भइरहे पनि व्यापक रूपमा कार्यान्वयन हुन बाँकी छ। विज्ञान र प्रविधिको पहुँच र प्रयोगले गुणस्तर उकास्ने सम्भावना बोकेको छ तर ग्रामीण विद्यालयमा बिजुली, इन्टरनेट र हार्डवेयर तथा डिजिटल साक्षरताको कमीले चुनौती थपेको छ। प्रस्तुत लेखमा विद्यालय शिक्षाको गुणात्मक रूपान्तरण, दीर्घकालीन प्रतिबद्धता, पर्याप्त स्रोत परिचालन र नीति कार्यान्वयनका सबै तहका सरोकारवालाबीचको सहकार्यमार्फत मात्र सम्भव छ भन्ने निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

*शब्दकुञ्जी* : गुणस्तर, सुशासन, प्रविधि, समावेशिता

## परिचय

नेपालले विगत दुई दशकमा विद्यालय शिक्षाको पहुँच र समावेशितामा उल्लेखनीय प्रगति गरेको छ । प्रारम्भिक तहमा करिब ९६ प्रतिशत बालबालिका विद्यालयमा भर्ना भई सर्वशिक्षाको लक्ष्यतर्फ अघि बढेका छन् (Ministry of Education, 2016)। विद्यालयको भौतिक पूर्वाधार र विद्यार्थी भर्ना दरमा सुधार देखिए पनि शिक्षाको गुणस्तर र शिक्षा प्रणालीको सुशासन कायम गर्ने क्षेत्रमा अझै ठूला चुनौतीहरू बाँकी छन् (UNESCO, 2023)। शिक्षा नीतिले सबैका लागि शिक्षा, समान पहुँच, गुणस्तरयुक्त सिकाइ र व्यावहारिक सिप विकासलाई प्राथमिकतामा राखेका छन्। नेपाल सरकारको विद्यालय क्षेत्र विकास योजना–२०१६–२०२३ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षा क्षेत्रमा गुणस्तर, समानता र दक्ष जनशक्ति तयार पार्न

स्पष्ट लक्ष्यहरू तय गरेका छन् (Ministry of Education, 2016, 2019)। यद्यपि कार्यान्वयनको स्तरमा नीति र योजनाहरूले सोचेजस्तो परिणाम दिन सकेका छैनन्। सङ्घीय संरचनामा प्रवेश गरेसँगै स्थानीय तहहरूले आधारभूत र माध्यमिक शिक्षाको प्रमुख जिम्मेवारी लिएका छन् र प्रदेश सरकारहरू शिक्षक प्रशिक्षण तथा शिक्षा निरीक्षणमा संलग्न भएका छन् (Karkee, 2022)। तर तीनै तहमा समन्वय, क्षमता र स्रोतको असमानताका कारण नीति कार्यान्वयन र शैक्षिक सुधार प्रभावित हुँदै गएको देखिन्छ (World Bank, 2023)।

यस लेखमा नेपालको विद्यालय शिक्षा प्रणालीमा सुधारका लागि मुख्य तीन मुद्दाहरू—शिक्षाको गुणस्तर, सुशासन र उत्तरदायित्व, प्रविधिको पहुँच र प्रयोगको विश्लेषण गरी विद्यमान चुनौतीहरू र समाधानका नीतिगत सिफारिसहरू प्रस्तुत गरिएको छ। यो विश्लेषण हालै मधेश प्रदेशमा गरिएका अध्ययनका निष्कर्षहरू (Madhesh Province Government, 2023) तथा नेपाल सरकारका नीति दस्तावेजहरू जस्तै, 'विद्यालय क्षेत्र सुधार योजना', 'विज्ञान प्रविधिगुरु योजना', 'शिक्षा नीति २०७६' मा आधारित छ, जसले नीति निर्माता, शिक्षक, विद्यालय प्रशासन, विद्यार्थी र अभिभावक सबैलाई सन्दर्भ प्रदान गर्ने अपेक्षा राखेको छ।

## समस्या कथन

- o के विद्यार्थी–शिक्षक अनुपातमा असमानता र शिक्षक तालिमको अभावले सिकाइ गुणस्तर खस्किइरहेको छैन?
- o के सङ्घीय, प्रदेश र स्थानीय तहबीच नीति कार्यान्वयनमा समन्वय तथा जवाफदेहिताको कमीले सुशासन कमजोर पारेको छैन?
- o के ग्रामीण विद्यालयमा विद्युत्, इन्टरनेट र विज्ञान प्रविधि पूर्वाधारको अभावले डिजिटल शिक्षण अवरुद्ध गरिरहेको छैन?

## अध्ययन विधि

प्रस्तुत लेखमा पुस्तकालयीय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ। गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा उपलब्ध अभिलेख सामग्रीहरूबाट तथ्यहरूको सङ्कलन, व्याख्या र विश्लेषण गरी निचोडमा पुगिएको छ। अभिलेख सामग्रीहरूमा सम्बन्धित पुस्तक, पत्रपत्रिका, समीक्षात्मक तथा अनुसन्धानात्मक लेखहरू संलग्न छन्। यिनै सामग्रीको विश्लेषणबाट निष्कर्ष निकालिएको छ।

## गुणस्तरसम्बन्धी विश्लेषण

नेपालमा विद्यालय शिक्षा हासिल गर्ने बालबालिकाको सङ्ख्या बढे पनि सिकाइ उपलब्धि र शिक्षण–सिकाइको गुणस्तर अपेक्षित स्तरमा पुग्न सकेको छैन। गुणस्तरका प्रमुख सूचकहरू— विद्यार्थीको उपलब्धि, पाठ्यक्रमको सान्दर्भिकता, शिक्षकको योग्यता तथा शिक्षामा हुने लगानीको प्रतिफलमा विभिन्न कमजोरी देखापरेका छन्। विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्याङ्कन (National Assessment of Student Achievement-NASA, 2020, 2023) का पछिल्ला नतिजाहरूले कक्षा ८ का अधिकांश विद्यार्थीहरूले पाठ्यक्रमको आधाभन्दा कम सामग्री मात्र सिकेका छन् भन्ने देखाएको छ। NASA (२०२०) को प्रतिवेदनअनुसार देशभरका आठौँ ग्रेडमध्ये गणित विषयमा मात्र ३२.१ प्रतिशत र विज्ञानमा ३७.७ प्रतिशत विद्यार्थीले न्यूनतम प्राविधिक दक्षता हासिल गरे भने नेपाली र अंग्रेजी विषयमा यो अनुपात क्रमशः ५८.८ प्रतिशत र ५१.१ प्रतिशत मात्र रहेको पाइएको छ (UNESCO, 2023)। विशेष गरी मधेश, कर्णाली र सुदूरपश्चिम जस्ता प्रदेशका विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसतभन्दा स्पष्ट रूपमा न्यून छ। यसले ग्रामीण तथा पिछडा क्षेत्रका विद्यालयहरूमा गुणस्तरीय सिकाइको अभाव र क्षेत्रीय असमानता रहेको सङ्केत गर्छ।

शिक्षकहरूको क्षमता र व्यवस्थापन शिक्षाको गुणस्तरसँग प्रत्यक्ष सम्बन्धित छन्। नेपालका विद्यालयहरूमा शिक्षकको उपलब्धता र तालिम दुवै क्षेत्रमा असन्तुलन देखिन्छ। कतिपय पहाडी जिल्लाहरूमा विद्यार्थी–शिक्षक अनुपात ७:१ जत्तिकै कम छ भने मधेश प्रदेशका केही जिल्लाहरूमध्ये सिराहमा यो अनुपात ७७:१ सम्म पुगेको छ। यो असमानताका कारण केही विद्यालयमा अत्यधिक भिडभाड कक्षाकोठा र कतै शिक्षककै अभाव हुने अवस्था छ (ActionAid Nepal,

2023) । नेपालभर जम्मा शिक्षकमध्ये केवल ३४.५ प्रतिशत स्थायी दरबन्दीमा छन्, बाँकी करिब ३७.४ प्रतिशत अस्थायी/राहत कोटाका र २८ प्रतिशत स्थानीय तहबाट करारमा भर्ती गरिएका छन् (Ministry of Education, 2021)। यसरी धेरै शिक्षकहरूको रोजगारी अस्थिर भएर सुरक्षामा कमी भएका कारण उनीहरूमा पेशाप्रति कम उत्साह देखिन्छ। शिक्षण दक्षताको दृष्टिले पनि सुधार आवश्यक छ। देशभर करिब ४३ प्रतिशत शिक्षक मात्रै आवश्यक शैक्षिक योग्यता र प्रशिक्षणले परिपूर्ण रहेका छन् (ActionAid Nepal, 2023)। पछिल्ला दुई वर्षभित्र प्रायः कुनै पनि शिक्षकलगायत प्रधानाध्यापकले सेवासम्बन्धी तालिम नपाएको पाइएको छ। कक्षाकोठामा परम्परागत व्याख्यानमुखी र प्रश्नोत्तर शैलीमै बढी जोड रहने र विद्यार्थीकेन्द्रित सहभागी सिकाइ, समूहकार्य, परियोजना कार्यको अभ्यास अत्यन्तै न्यून देखिएको छ। शिक्षकहरूको यिनै सीमित क्षमता र विधिहरूले विद्यार्थीको सिकाइ नतिजा प्रतिविम्बित भएर गुणस्तर खस्किन गएको स्पष्ट हुन्छ।

पाठ्यक्रमको सान्दर्भिकता र शैक्षिक सामग्री अर्को महत्त्वपूर्ण पक्ष हो। विगतका वर्षहरूमा सिकाइ उपलब्धि कम हुनुको एक कारण शिक्षण सामग्री तथा पाठ्यक्रमले विद्यार्थीलाई रोजगारी र जीवनोपयोगी सिप दिन नसक्नु रहेको पाइन्छ। नेपालको हालको पाठ्यक्रम अपेक्षित रूपमा अद्यावधिक नभएको र श्रम बजारका आवश्यकता एवम् २१औँ शताब्दीका सिप—आलोचनात्मक चिन्तन, समस्या समाधान आदिको विकासमा पर्याप्त उत्साहजनक नरहेकाले गुणस्तरमा असर परेको बताइन्छ। यो कमजोरी सुधार्न सरकारले नयाँ पाठ्यक्रम तथा Competency–based सिकाइ ढाँचा अवलम्बन गर्दै सिर्जनशीलता, सहकार्य र डिजिटल साक्षरतामा जोड दिने प्रयास गरेको छ। तर यी सुधारहरू कार्यान्वयनमा चुनौतीपूर्ण सिद्ध भएका छन्। विशेष गरी ग्रामीण तथा सामुदायिक विद्यालयहरूमा पाठ्यपुस्तक र शिक्षण सामग्रीको अभाव, अपर्याप्त शिक्षक तालिम र अनुगमन प्रणालीको कमजोरीका कारण नयाँ पाठ्यक्रमको प्रभावकारिता सीमित बनेको पाइएको छ। शिक्षानीति २०७६ ले भावी शिक्षालाई अधिक समावेशी र स्थानीय सन्दर्भअनुकूल बनाउन मातृभाषामा शिक्षण र सांस्कृतिक दृष्टिले संवेदनशील पाठ्यक्रमको व्यवस्था गरेको छ। यो कदमले विविध भाषाभाषी र सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीलाई आफ्नै भाषामा सिक्ने अवसर दिने लक्ष्य राखेको छ तर व्यवहारमा पर्याप्त प्रशिक्षित बहुभाषिक शिक्षक तथा स्रोतको अभावमा थुप्रै स्कुलहरूले मातृभाषामा प्रभावकारी शिक्षण दिन सकिरहेका छैनन्।

शिक्षामा वार्षिक बजेट वृद्धि हुँदै आए पनि गुणस्तर सुधारका लागि चाहिने पर्याप्त स्रोत र व्यवस्थापन अझै अभाव छ। शिक्षामा लगानी गर्दा यसको प्रभाव पनि विचारयोग्य छः शिक्षामा हुने खर्चमध्ये ठूलो हिस्सा त तलब तथा प्रशासनिक खर्चमा जान्छ जसले प्रत्यक्ष सिकाइ गुणस्तर उकास्ने कार्यक्रमका लागि थोरै हिस्सा मात्र बाँकी रहन्छ। दिगो विकास लक्ष्य योजनाको अवधिमा कुल बजेटको झण्डै ७० प्रतिशत भाग शिक्षक तलबमा खर्च हुने तथ्याङ्क छ (ADB, 2022)। यद्यपि यसले गुणस्तर सुधारको प्रमुख आधार नै सुयोग्य शिक्षक रहेको सङ्केत गर्छ। शिक्षामा भौतिक संरचना पुनर्निर्माण (विशेष गरी वि.सं. २०७२ को भूकम्पपछि), पाठ्यपुस्तक आपूर्ति, र सिकाइ सामग्री विकासमा अझै ठूलो लगानी आवश्यक छ भनी विभिन्न समीक्षा प्रतिवेदनहरूले औँल्याएका छन्। बजेटको कमीका कारण नेपालले हाल पनि शिक्षाक्षेत्रमा थुप्रै अन्तर्राष्ट्रिय साझेदार युनिसेफ, विश्व बैंक, युनेस्को, आदिको सहयोगमा निर्भर रहनुपरेको छ। त्यसैले गुणस्तर उन्नयनका लागि शिक्षामा पर्याप्त आन्तरिक लगानीको सुनिश्चितता र उपलब्ध स्रोतहरूको प्रभावकारी परिचालन जरुरी देखिन्छ।

## सुशासन र उत्तरदायित्व

शिक्षा क्षेत्रमा सुशासन (Good Governance) कायम गर्नु तथा सबै तहमा स्पष्ट उत्तरदायित्व निर्धारण गर्नु नेपालको विद्यालय प्रणाली सुधारको अर्को मुख्य एजेन्डा हो। हाल नेपाल सङ्घीय संरचनामा गएपछि विद्यालय शिक्षासम्बन्धी अधिकार र कर्तव्यहरू सङ्घ, प्रदेश र स्थानीय तहबीच बाँडिएका छन्। स्थानीय तहहरू आफ्ना समुदायको आवश्यकताअनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापनमा जिम्मेवार भएका छन्। साथै शिक्षामा सामुदायिक सहभागिता बढाउने अवसर पनि मिलेको छ। तर यस नयाँ व्यवस्थामा सबै स्थानीय तहको क्षमतास्तर एकनासको नभएको र स्रोत–साधनमा

ठूलो असमानता रहेको पाइएको छ, जसले चाहेजस्तो परिणाम दिन अवरोध पुऱ्याइरहेको छ। शिक्षा मन्त्रालय (२०२१) द्वारा गरिएको Education Sector Analysis मा ५४.४ प्रतिशत स्थानीय सरकारहरूमा शिक्षासम्बन्धी अधिकृत/शाखा नै नभएको तथ्य उजागर भएको थियो। २०२२ सम्म आइपुग्दा करिब ८५ प्रतिशत स्थानीय तहले कम्तीमा एकजना शिक्षा अधिकृत नियुक्त गरेको प्रगति देखिए पनि ग्रामीण र साना नगरपालिकाहरूमा अझै अपर्याप्त र अल्प–योग्य जनशक्ति खटिएको पाइन्छ। जसका कारण विद्यालय अनुगमन तथा निरीक्षण प्रभावहीन बनेको छ। यसले स्थानीय तहमा संस्था निर्माण र क्षमताविकासको खाँचो रहेको सङ्केत गर्दछ। साथै प्रदेश सरकारहरू शिक्षाको क्षेत्रीय समन्वय र अनुगमनमा प्रभावकारी भूमिका खेल्न अझै सङ्घर्षरत देखिन्छ। संघ, प्रदेश र स्थानीय तीनै तहबीच नीति कार्यान्वयनमा Inter–Governmental Coordination प्रबल बनाउनुपर्ने आवश्यकता देखिन्छ।

विद्यालय स्तरमा सुशासन र उत्तरदायित्वको सुनिश्चिततामा विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघहरूको प्रमुख भूमिका रहने अपेक्षा गरिएको छ। हाल अधिकांश सार्वजनिक विद्यालयहरूमा कानूनी प्रावधानअनुसार विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्गठन त भएका छन्, तर ती निकायका अधिकांश सदस्यहरूले आफ्नो दायित्वसम्बन्धी कुनै प्रशिक्षण नपाएको पाइएको छ। (ActionAid Nepal, 2023) का अनुसार ३१ विद्यालयमध्ये २३ वटामा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ सदस्यहरूलाई नियुक्तिपश्चात् कुनै तालिम प्रदान गरिएको थिएन १९ विद्यालयका प्रधानाध्यापकहरूले पनि पदबहाली पछिका नेतृत्व विकास तालिमहरू नलिएको प्रतिवेदनले देखाएको छ। यसैगरी विद्यालयहरूमा वार्षिक योजना तथा बजेट तर्जुमा, अभिभावक भेला, सामुदायिक सामाजिक अडिटजस्ता अभ्यासहरू न्यून भइरहेका छन्। विश्लेषण गरिएका विद्यालयहरूमध्ये केवल २० वटाले मात्र वार्षिक योजना तथा बजेट बनाएका थिए र २४ वटाले सामाजिक अडिट गरेका थिए। अभिभावक तथा समुदायको विद्यालय मामिलामा सहभागी हुने दर निकै कम छ। भए पनि शैक्षिक गुणस्तरमा केन्द्रित नभई भौतिक पक्षमा सीमित रहेको पाइन्छ। सामाजिक अडिट र अभिभावक भेलाजस्ता अभ्यास विद्यालयलाई समुदायप्रति जवाफदेही बनाउने र पारदर्शिता बढाउने मुख्य माध्यम हुन सक्थे तर ती गतिविधि नियमित र प्रभावकारी रूपमा नहुँदा उत्तरदायित्वको अभाव देखिन्छ।

शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप र जवाफदेहिताको कमीले पनि सुशासन कमजोर पारेको छ। लामो समयसम्म शिक्षा प्रशासन र शिक्षक व्यवस्थापनमा राजनीतिक दबदबा रहँदै आएको छ। विद्यालय व्यवस्थापन तथा शिक्षक नियुक्ति प्रक्रियामा मेरिटभन्दा सञ्जालका आधारमा गर्दा दक्षता तथा उत्तरदायित्वमा कमी आउने तथ्य विभिन्न समीक्षाले औँल्याएका छन्। राजनीतिक आस्था र नातावादका आधारमा प्रधानाध्यापक र शिक्षा अधिकृतहरूको पदपूर्ति गर्दा नेतृत्व क्षमता कमजोर भई शिक्षाको गुणस्तर खस्किने र विद्यालयहरूमा जवाफदेहिता घट्ने मुख्य चुनौतीका रूपमा देखापरेका छन्। साथै मन्त्री वा सरकार परिवर्तन हुँदा हालै शुरु गरिएका शैक्षिक कार्यक्रमहरूलाई निरन्तरता नदिने र नयाँ प्राथमिकतामा जाने प्रवृत्तिले योजनाहरूमा Policy Discontinuity आउने गरेको छ। यस्तो अस्थिरताले शिक्षाको सुधारमूलक कार्यक्रमहरू आधा बाटोमै थाती रहने र स्रोतसाधनको दुरुपयोग तथा दोहोरो कामको अवस्था सिर्जना हुने गरेको छ। मधेश प्रदेशका शिक्षा क्षेत्रका जानकारहरूले समेत प्रदेश र स्थानीय तहसम्म राजनीतीकरण र निजीकरणको बढ्दो प्रभावप्रति चिन्ता व्यक्त गरेका छन्। उदाहरण स्वरूप मधेश प्रदेशका शिक्षा मन्त्रीले निजी क्षेत्रतर्फ शिक्षाको अत्यधिक झुकाव र व्यावसायीकरणका कारण सार्वजनिक विद्यालयहरूको गुणस्तर खस्कँदै गएको बताउँदै यसलाई संयमित गर्न नीतिगत पहल आवश्यक भएको बताएका छन्। स्थानीय सरकारका प्रतिनिधिहरूले समेत शिक्षालाई व्यापारिक लगानीको दृष्टिले मात्रै हेर्ने प्रवृत्ति असमानता र गुणस्तर खाडलको कारक बन्दै गएको औँल्याएका छन्। शिक्षा क्षेत्र र अर्थतन्त्रबीच तालमेल नहुँदा र शिक्षण संस्थाहरू राजनीतिक स्वार्थपूर्तिको साधन बन्दा गुणस्तरीय शिक्षा दिन सक्ने वातावरण बिग्रने चेतावनी सरोकारवालाहरूले दिएका छन्। यी तथ्यहरूले शिक्षा क्षेत्रमा सुशासन स्थापना गर्न राजनीतिक इच्छाशक्ति, संस्थागत सुधार र पारदर्शी प्रणालीको खाँचो छर्लङ्ग पार्छन्।

तर सुशासन प्रवर्धनका केही सकारात्मक अभ्यासहरू पनि शुरु भएका छन्। सङ्घीय सरकारले शिक्षा सुधारका लागि नतिजामा आधारित अनुगमन प्रणाली र शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ पार्ने प्रयत्न गरेको छ। विद्यालय क्षेत्र सुधार योजना (SSDP) तथा पछिल्लो विद्यालय शिक्षा क्षेत्र योजना (SESP) २०२२–२०३१ मार्फत सबै तहका सरकारहरूबीच सहकार्य गरी शिक्षा सेवा प्रवाहलाई जवाफदेही बनाउने, तथ्याङ्कको आधारमा निर्णय गर्ने र अनुगमनलाई नियमित तथा प्राविधिक बनाउने कुरामा जोड दिइएको छ। सामुदायिक तहमा अभिभावक–समुदायका प्रतिनिधि समेटेर विद्यालय व्यवस्थापन समितिहरू क्रियाशील गराउने, विद्यार्थी क्लब र युवा सञ्जालमार्फत विद्यार्थीहरूको सहभागीता बढाउने अभ्यासले केही विद्यालयमा सकारात्मक परिणाम पनि देखाएको छ । यस्ता अभ्यासहरूले शिक्षक तथा विद्यालय नेतृत्वलाई समुदायप्रति जवाफदेही बनाउन र नियमित निगरानी गर्न सहयोग पुऱ्याउने भएकाले तिनको विस्तार आवश्यक देखिन्छ।

### प्रविधिको पहुँच र प्रयोग

शिक्षामा विज्ञान तथा प्रविधिको प्रयोग गुणस्तर र पहुँच विस्तारको महत्त्वपूर्ण उपकरण हो । नेपाल सरकारले सन् २०१३ मै पहिलो 'शिक्षामा आइसिटी मास्टरप्लान २०१३–१७' तयार गरी चार मुख्य आयाम (१) पूर्वाधार विस्तार (२) मानव संसाधन विकास, (३) डिजिटल सिकाइ सामग्री उत्पादन र (४) समग्र शिक्षा प्रणाली सुदृढीकरणका कार्य अघि बढाएको थियो। सो योजनाको सिक्वेलका रूपमा सन् २०२१–२०२६ का लागि अद्यावधिक शिक्षामा विज्ञान प्रविधि गुरु योजना ल्याइएको छ, जसमा गुणस्तरीय शिक्षाका लागि डिजिटल सामग्री, सबैका लागि प्रविधिमा समान पहुँचका लागि पूर्वाधार, जनशक्तिको विकास, तथा शैक्षिक सुशासन र व्यवस्थापनमा प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ । शिक्षामा विज्ञान प्रविधि प्रवर्द्धनसम्बन्धी सरकारी नीति तथा डिजिटल नेपाल फ्रेमवर्क (२०१९) ले डिजिटल शिक्षालाई राष्ट्रिय अभियानकै रूपमा अघि बढाएको छ । डिजिटल नेपाल अभियानअन्तर्गत शिक्षा क्षेत्रमा स्मार्ट कक्षा कोठा , खुला सिकाइ (OLE) तथा अनलाइन सिकाइ प्लेटफर्महरू, कम्प्युटर भाडामा उपलब्ध गराउने कार्यक्रम, शैक्षिक व्यवस्थापन सूचना प्रणाली केन्द्रीय भर्ना प्रणाली, बायोमेट्रिक हाजिरी र विद्यालयहरूमा सिसिटिभी जडान, दुर्गम मोबाइल सिकाइ केन्द्रहरूजस्ता ८ वटा प्रमुख पहलहरू पहिचान गरिएका छन् । यी योजनाहरूले प्रविधिमार्फत सिकाइको गुणस्तर वृद्धि र शिक्षा प्रशासनमा पारदर्शिता ल्याउने दीर्घकालीन लक्ष्य बोकेका छन्।

व्यावहारिक तहमा हेर्दा, प्रविधिको पहुँचमा थुप्रै बाधाहरू छन् । नेपालका धेरै ग्रामीण विद्यालयहरूमा अझै विद्युत आपूर्ति र इन्टरनेट पहुँच सुनिश्चित नभएको अवस्था छ। शैक्षिक व्यवस्थापन सूचना प्रणाली (२०२१) को तथ्याङ्कअनुसार करिब २८,८३३ सामुदायिक विद्यालयमध्ये केवल ५० प्रतिशतमा नियमित बिजुली आपूर्ति छ र करिब ४२ प्रशितजति विद्यालयहरूसँग कम्प्युटर वा आधारभूत विज्ञान प्रविधि उपकरणहरू उपलब्ध छन् । तर तीमध्ये पनि सबैतिर प्रयोगमा भने ल्याइएको छैन । केवल १९ प्रतिशत करिब ५,४००० विद्यालयहरू इन्टरनेटसँग जोडिएका छन् भन्ने तथ्याङ्कले देखाउँछ । उपलब्ध कम्प्युटर भएका विद्यालयहरूमध्ये पनि करिब ३७ प्रतिशतले मात्र ती उपकरणलाई अध्यापन र सिकाइका लागि प्रयोग गरेका छन्, ३६ प्रतिशत प्रशासनिक कामका लागि मात्र कम्प्युटर चलाइएको र बाँकी २७ प्रतिशत कम्प्युटर उपलब्ध भए पनि पूरै प्रयोग नभएको पाइएको छ। यसले के सङ्केत गर्छ भने भौतिक हार्डवेयर र कनेक्टिभिटीको अभावका अतिरिक्त उपलब्ध प्रविधिको प्रयोगसमेत प्रभावकारी छैन।

प्रविधि पूर्वाधार विस्तारमा सरकारले केही सकारात्मक कार्यक्रमहरू अघि बढाएको छ। दूरसञ्चार प्राधिकरणमार्फत ग्रामीण दूरसञ्चार कोष प्रयोग गरी ५,००० भन्दा बढी विद्यालयहरूमा आधारभूत इन्टरनेट र विज्ञान प्रविधि सामग्री व्यवस्था गर्न सहयोग गरेको छ । सङ्घीय तथा स्थानीय सरकारहरूले इन्टरनेट सेवाका लागि विद्यालयअनुसार अनुदान दिइरहेका छन् र कतिपय प्रदेशले आफ्नै विशेष कार्यक्रममार्फत विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला र E-learning सामग्री उपलब्ध गराउन थालेको छ। उदाहरणका लागि, मधेश प्रदेशले आफ्नै E-governance गुरु योजनामार्फत विद्यालयहरूमा डिजिटल सिप अभिवृद्धि र ई–पाठशाला कार्यक्रमको

शुरुवात गरेको छ। यद्यपि विद्युत आपूर्तिको असमानता, दुर्गम भौगोलिक विकटता र प्राविधिक जनशक्तिको अभावले गर्दा प्रविधि पहुँच ग्रामीण विद्यालयसम्म पुऱ्याउन चुनौती भने कायमै छ।

प्रविधिको उच्चतम प्रयोगमा पनि ध्यान दिनुपर्ने विषयहरू रहेका छन् । सहरी क्षेत्रका केही निजी तथा अग्रणी विद्यालयहरूले लर्निङ म्यानेजमेन्ट सिस्टम (LMS) तथा अनलाइन प्लेटफर्म जस्तै Google Classroom, Moodle मार्फ त शिक्षण सिकाइ गर्न थाले पनि सामुदायिक विद्यालयहरूमा यस प्रकारको अभ्यास प्रारम्भिक चरणमै छ । कोभिड–१९ महामारीका बेला विद्यालयहरू बन्द हुँदा वैकल्पिक माध्यमको खोजी हुन थाल्यो तर सहरीबाहेकका धेरैजसो क्षेत्रमा इन्टरनेट र अनलाइन उपकरणको अभावले अनलाइन कक्षाको प्रयास सफल हुन भने सकेन । यसबाट भौतिक पूर्वाधारसँगै शिक्षक र विद्यार्थीको डिजिटल सिप वृद्धि गर्न तथा डिजिटल सिकाइ सामग्रीको स्थानीयकरण र विकास गर्न आवश्यक छ भन्ने पाठ सिकाएको छ। नेपाल सरकारको विज्ञान प्रविधि मास्टरप्लान २०१३–१७ तथा शिक्षा नीतिले विद्यालय तहमा कम्प्युटर शिक्षा तथा सूचना प्रविधि तालिम अनिवार्य गर्ने दिशानिर्देश गरेअनुरूप अहिले कक्षा ६–८ को पाठ्यक्रममा आइसिटीसम्बन्धी आधार भूत सामग्री समावेश गरिसकेको छ। तथापि ती विषय पढाउन योग्य शिक्षकहरूको पनि अभाव छ जसका लागि प्रदेशस्तरमा शिक्षक प्रशिक्षण कार्यक्रम र विज्ञान प्रविधि शिक्षा तालिम केन्द्रहरू स्थापना गर्नु आवश्यक देखिन्छ।

शिक्षा व्यवस्थापनमा प्रविधिको प्रयोग गर्दै सुशासन र प्रभावकारितामा सुधार ल्याउने दिशामा पनि नेपालले कार्य थालनी गरिसकेको छ । विद्यालय व्यवस्थापन सूचना प्रणालीलाई स्थानीय तहसम्म विस्तार गरी विद्यालयहरूका तथ्याङ्कको डिजिटल अभिलेख राखिने र त्यसको आधारमा योजना निर्माण गरिने गरिएको छ । केही स्थानीय सरकारहरूले शिक्षक तथा विद्यार्थीको हाजिरी व्यवस्थापनमा बायोमेट्रिक प्रणाली र विद्यालय सुरक्षामा डिजिटल निगरानी सिसिटिभि जडानजस्ता उपाय अवलम्बन गर्न थालेका छन् । यी प्रणालीले शिक्षामा पारदर्शिता र उत्तरदायित्व बढाउन मदत गर्ने अपेक्षा छ, यद्यपि सबै स्थानमा लागु हुन अझै समय र संशोधन आवश्यक पर्ने देखिन्छ।

## सुझाव र नीतिगत सिफारिसहरू

विद्यालय शिक्षा प्रणालीमा गुणस्तर अभिवृद्धि, सुशासन कायम राख्ने र प्रविधिको समुचित प्रयोग गर्न नेपालले बहुआयामिक रणनीति अपनाउनुपर्छ। उपलब्ध अध्ययनहरू र सरकारी योजनाहरूको मूल्याङ्कनका आधारमा निम्न सुझाव र नीतिगत सिफारिसहरू प्रस्तुत गरिन्छ :

### १) *शिक्षकको क्षमता विकास र व्यवस्थापन सुधार*

गुणस्तरीय शिक्षाका लागि पहिलो शर्त दक्ष र प्रेरित शिक्षक हुन् । त्यसैले सरकारले निरन्तर व्यावसायिक विकास (Continuous Professional Development) कार्यक्रमलाई संस्थागत गर्नुपर्छ । हरेक शिक्षकलाई नियमित तालिम, सहजीकरण र अनुगमनको दायरामा ल्याई दुई वर्षभित्र सबै शिक्षकलाई कम्तीमा एकपटक आवधिक तालिम दिने व्यवस्था गर्नु जरुरी छ। यसका लागि सङ्घीय सरकार र प्रदेश सरकार मिलेर शिक्षक प्रशिक्षण प्रतिष्ठानहरू स्थापना र सशक्त पार्न सक्छन्, जसले प्राथमिकदेखि माध्यमिक तहसम्मका शिक्षकका लागि विषयवस्तु अनुकूल तालिम प्रदान गर्नेछन्। ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यालयमा योग्य शिक्षक टिकाउन प्रोत्साहन भत्ता, आवास सुविधाजस्ता उपाय लागु गर्नुपर्छ । विद्यार्थी–शिक्षक अनुपात अति खराब भएका जस्तै मधेशका केही तराई जिल्ला र स्थानहरूमा नयाँ स्थायी शिक्षक दरबन्दी सिर्जना गर्ने र तुरुन्त नियुक्ति गर्ने नीति आवश्यक छ। शिक्षक नियुक्ति र पदस्थापनमा राजनीतिक हस्तक्षेप अन्त्य गरी पारदर्शी र योग्यतामा आधारित प्रणाली लागु गर्न शिक्षक सेवा आयोग तथा स्थानीय तहहरूबीच सहकार्यमा एकरूपता ल्याइनुपर्छ। तालिमप्राप्त र नवप्रवर्तनकारी शिक्षकलाई प्रोत्साहनस्वरूप प्रदर्शनमा आधारित पुरस्कार र बढुवा प्रणाली विकास गर्ने तथा कमजोरी देखाउनेलाई अतिरिक्त प्रशिक्षक सहयोग र आवश्यक परे उचित कारबाहीको प्रावधानले सम्पूर्ण प्रणालीको उत्तरदायित्व बढाउनेछ।

### २) *पाठ्यक्रम र मूल्याङ्कन सुधार*

वर्तमान पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र स्थानीयकरणमा जोड दिनुपर्छ । सङ्घीय पाठ्यक्रम

विकास केन्द्र र प्रदेशस्तरीय निकायहरूले संयुक्त रूपमा Curriculum Focal Points तोकी विद्यालयसम्म आवश्यक शिक्षक सामग्री शिक्षण मार्गदर्शन, दृश्यसहायक आदि पुऱ्याउने सुनिश्चितता गर्नुपर्छ । नयाँ दक्षतामुखी पाठ्यक्रमअनुसार प्रयोगात्मक र क्रियाशील शिक्षण विधिलाई प्रोत्साहन गर्ने गरी प्रत्येक विद्यालयमा न्यूनतम प्रयोगशाला, पुस्तकालय र परियोजना कार्यको सुविधा उपलब्ध गराउन बजेट विनियोजन बढाउनुपर्छ। मातृभाषा शिक्षण प्रभावकारी बनाउन ती भाषाका योग्य शिक्षक तयार पार्ने विशेष कार्यक्रम विद्यालय तहमा स्थानीय भाषा सहायकहरू नियुक्ति, अनुदान छात्रवृत्तिमार्फत बहुभाषिक शिक्षा पद्न प्रोत्साहन कार्य अघि बढाउनुपर्छ । मूल्याङ्कन प्रणालीतर्फ, निरन्तर मूल्याङ्कन (Continuous Assessment) लाई व्यावहारिक रूपमा लागु गराउन शिक्षकलाई तालिम र प्राविधिक सहयोग चाहिन्छ। राष्ट्रिय परीक्षा जस्तै कक्षा १० को SEE लाई पनि क्रमशः योग्यतामूलक (Competency-based) र सिपमूलक बनाउने दिशामा सुधार गर्नुपर्छ, जसले विद्यार्थीमा कण्ठस्थ गर्नुको सट्टा आलोचनात्मक र प्रयोगात्मक ज्ञान आकलन गरोस् । मूल्याङ्कनको तथ्याङ्कलाई नीति सुधारका आधार बनाउँदै शैक्षिक रूपमा पछि परेका भूगोल र विद्यालयहरूमा लक्षित हस्तक्षेप विस्तृत पाठ्यक्रम, अतिरिक्त कक्षा, छात्रवृत्तिका कार्यक्रमहरू लागु गर्नु आवश्यक छ।

### ३) *शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व प्रवर्धन*

शिक्षा नीति २०७६ ले परिकल्पना गरेअनुसार सङ्घीय, प्रादेशिक र स्थानीय तहबीचको जिम्मेवारी स्पष्ट गर्दै सहयोग र समन्वय सुदृढ पार्नुपर्छ । स्थानीय तहका शिक्षा शाखाहरूमा पर्याप्त र योग्य जनशक्ति नियुक्त गर्न संघ र प्रदेशले सहयोगी नीति लिनुपर्छ । आवश्यक परे सङ्घीय तहबाट शिक्षा प्रशासन अधिकृतहरू प्रदेश, स्थानीय स्तरमा पठाइ कमसेकम प्रत्येक स्थानीय तहमा दक्ष शिक्षा अधिकृत उपलब्ध गराउने व्यवस्था गर्न सकिन्छ । सङ्घीय सरकारले स्थानीय तहको क्षमता वृद्धिका लागि अनुदान कार्यक्रम सञ्चालन गरी योजना निर्माण, बजेट विनियोजन, तथा विद्यालय अनुगमनसम्बन्धी तालिम र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ। विद्यालयस्तरमा विद्यालयलय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई वास्तविक शैक्षिक नेतृत्वसम्पन्न निकाय बनाउन पदाधिकारीहरूका लागि नियमित अभिमुखीकरण, जिम्मेवारीपत्र र तालिमको प्रबन्ध अनिवार्य गर्नुपर्छ । हरेक विद्यालयले बर्षमा एक पटक अभिभावक भेला, दुई पटकसम्म सामाजिक अडिट र नियमित वित्तीय अडिट गराउन कानूनी रूपमै बाध्यकारी व्यवस्था कार्यान्वयन गरिनुपर्छ भन्ने सिफारिस छ । यसले विद्यालयले आफू समुदायप्रति जवाफदेही अनुभव गर्ने र पारदर्शिता बढ्नेछ।

शिक्षण संस्थानहरूमा राजनीतीकरण अन्त्य गर्न कडा आन्तरिक नियमावली वा Code of Conduct लागु गर्नुपर्छ जसअन्तर्गत कुनै पनि शिक्षक वा प्रधानाध्यापकले राजनैतिक दलको पद बहन गर्न नपाउने, विद्यालयमा दलगत क्रियाकलाप गर्न नपाउने व्यवस्था कडाइका साथ पालना गराइनुपर्छ। स्थानीय शिक्षा समितिहरूले शिक्षक तथा विद्यालय मूल्याङ्कन सूचकाङ्क तयार गरी हरेक वर्ष विद्यालयको उपलब्धि (विद्यार्थी नतिजा, उपस्थिति, सिकाइ गुणस्तर आदि) को आधारमा सार्वजनिक गर्ने र कमजोर विद्यालयलाई विशेष सुधार योजना लागु गर्ने अभ्यास थाल्न सकिन्छ। यसले प्रतिस्पर्धात्मक भावनाद्वारा पनि उत्तरदायित्व बढाउँछ। सङ्घीय तथा प्रदेश सरकारले सूचना प्रविधि प्रयोग गरेर शिक्षा बजेट र खर्च पारदर्शिता पोर्टल सञ्चालनमा ल्याउनुपर्छ, जसले के–कति रकम कहाँ खर्च भयो भन्ने विवरण सार्वजनिक गर्नुपर्दछ।

### ४) *प्रविधिमा लगानी र विज्ञान प्रविधिको समावेशी प्रयोग*

प्रविधि पहुँच बढाउन दूरसञ्चार पूर्वाधारमा लगानी तीव्र पार्नुपर्छ। प्रत्येक विद्यालयमा बङ्गलादेश, पाकिस्तान आदिका मोडलअनुसार विद्यालय इन्टरनेट पहुँच कार्यक्रमले निःशुल्क वा सहुलियत दरमा ब्रोडब्यान्ड उपलब्ध गराउनुपर्छ। यसका लागि दूरसञ्चार कम्पनी र सरकारबीच साझेदारी गर्न सकिन्छ, जसमा सरकारको Universal Service Fund आदि परिचालन गरिनेछ । एकीकृत रूपमा आइसिटी ल्याब स्थापना कार्यक्रम ल्याएर हरेक स्थानीय तहमा कम्तीमा केही विद्यालयहरूलाई विज्ञान र प्रविधिका स्कुलका रूपमा विकास गर्नुपर्छ । जसलाई छिमेकी विद्यालयका छात्रछात्राले समेत प्रयोग गर्न सकून्। हिमाली र अन्य दुर्गम बस्तीहरूमा वैकल्पिक प्रविधि (Mobile Learning Center), अफलाइन लर्निङ

सामाग्री, रेडियो कार्यक्रम आदि मार्फत प्रविधिमा पहुँच पुऱ्याउन निरन्तर पहल गर्नुपर्छ।

प्रविधिको उपयोगिता वृद्धि गर्न शिक्षक र विद्यार्थीको डिजिटल साक्षरता नै पहिलो शर्त हो । सबै प्रादेशिक शिक्षा तालिम केन्द्र र स्थानीय तहहरूले मिलेर आगामी ३ वर्षभित्र हरेक शिक्षकलाई आधारभूत कम्प्युटर तथा इन्टरनेट प्रयोग तालिम दिनुपर्ने लक्ष्य राख्नुपर्छ। यसका लागि सार्वजनिक र निजी विद्यालयमा साझेदारमा गरेर तालिम कार्यक्रम सञ्चालन गर्न सकिन्छ। पाठ्यक्रममा सामेल भएको आइसिटि विषयको प्रभावकारी शिक्षणका लागि मावि स्तरमा आइसिटि शिक्षण विषयका स्थायी शिक्षक दरबन्दी सिर्जना गरी विज्ञ शिक्षक भर्ती गर्नुपर्छ । शिक्षण सामग्रीतर्फ, नेपाली भाषामा र स्थानीय सन्दर्भमा उपयुक्त ई. सामग्री र LMS विकासमा लगानी बढाउनुपर्छ । सरकार तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा विद्यमान प्लेटफर्म जस्तै, E-Pustakalaya, E-Paath लगायत लाई सम्पूर्ण विद्यालयमा प्रवाह गर्ने र नयाँ सामग्री उत्पादनका लागि प्रतियोगिता तथा अनुदान जस्ता कार्यक्रम ल्याउन सकिन्छ। उच्च शिक्षा र प्राविधिक शिक्षातर्फ प्रयोग भइरहेका LMS लाई माध्यमिक तहका मोडल विद्यालयहरूमा प्रयोग गरी क्रमशः विस्तार गर्ने नीति लिनु उपयुक्त हुन्छ।

### ५) *समावेशिता र सहभागिताका पहल*

गुणस्तरीय शिक्षा सुधारका कुनै पनि रणनीतिले कुनै पनि विद्यार्थी नछुटून् भन्ने ध्येय राख्नुपर्छ। दलित, आदिवासी जनजाति, आर्थिक विपन्न तथा फरक क्षमताका विद्यार्थीहरूको शिक्षामा सहभागिता वृद्धि गर्न हालका छात्रवृत्ति, विद्यालय भर्ना अभियान र दिवा खाजा कार्यक्रमलाई थप लक्षित र प्रभावकारी बनाउनुपर्छ । विशेष शिक्षाको आवश्यकता भएका बालबालिकाका लागि प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा समावेशी स्रोत कक्ष स्थापना गरी आवश्यक जनशक्ति र सामग्री उपलब्ध गराउने नीति अगाडि बढाउनुपर्छ। मधेशलगायत शिक्षामा पछाडि परेका प्रदेशहरूमा विद्यालय सुधार अभियान नै सञ्चालन गरी भौतिक सुविधा, शिक्षक व्यवस्थापन र सामुदायिक जागरणसँग जोडिएका कार्यक्रम एकैपटक अघि सार्नुपर्छ। यसमा सङ्घीय सरकार, प्रदेश र स्थानीय सरकारको संयुक्त लगानी तथा नागरिक समाज र सामुदायिक संघसंस्थाको साझेदारी आवश्यक छ।

### ६) *अन्तरसरकारी समन्वय र अनुगमन संयन्त्र*

शिक्षा एक साझा अधिकार क्षेत्र (Concurrent Jurisdiction) भएकाले तीनै तहका सरकारबीच स्पष्ट समन्वयको खाँचो छ। यसको लागि राष्ट्रियस्तरमा शिक्षा सङ्घीय समन्वय एकाइ स्थापना गरी सङ्घीय शिक्षा मन्त्रालय, प्रदेशका सामाजिक विकास मन्त्रालय र स्थानीय तहका संघ र प्रतिनिधिहरूबीच नियमित बैठक, प्रगति समीक्षा र समस्या समाधानको संयन्त्र बनाइनुपर्छ। यस एकाइले शिक्षा नीति कार्यान्वयनको मनिटरिङ तथा प्रगति मूल्याङ्कन गरी वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने र आवश्यक नीतिगत समायोजनका लागि सिफारिस गर्नेछ । सङ्घीय सरकारले शिक्षासम्बन्धी न्यूनतम मापदण्ड तय गरी अनुगमन गर्नुपर्छ र ती मापदण्ड पूरा नगर्ने स्थानीय तह वा विद्यालयलाई सुधारका लागि प्रोत्साहन र दण्ड दुबै उपाय अपनाउने व्यवस्था गर्नुपर्छ।

अन्त्यमा, नेपालमा विद्यालय शिक्षाको सुधार एकैचोटि नभएर दीर्घकालीन प्रतिबद्धता र क्रमिक सुधारबाट मात्र सम्भव छ । विगतका सफलताहरू बालबालिका भर्ना दरमा वृद्धिदेखि लैङ्गिक अन्तर घटाउन भएका उपलब्धिलाई संस्थागत गर्दै अब गुणस्तर र सुशासनमा केन्द्रित नयाँ युग आरम्भ गर्नुपर्ने समय आएको छ । गुणस्तरीय शिक्षा, सुशासनयुक्त प्रणाली र प्रविधिमैत्री पहुँचविना हाम्रो भावी पुस्तालाई २१औँ शताब्दीको प्रतिस्पर्धी वातावरणका लागि तयार पार्न सकिँदैन । त्यसैले नीति निर्माता, शिक्षा प्रशासक, शिक्षक, अभिभावक र समुदाय सबै मिलेर उल्लिखित सुधारका रणनीतिहरू कार्यान्वयनमा लग्नुपर्छ। सङ्घीय नेपालको नयाँ शिक्षा संरचनाले उपलब्ध गराएको स्थानीय सन्दर्भअनुसार समाधान खोज्ने अवसरलाई सदुपयोग गर्दै हामी सबैका लागि गुणस्तरीय शिक्षाको उद्देश्य प्राप्ति नजिक पुग्न सक्नेछौँ। यसका लागि राजनैतिक इच्छाशक्ति, पर्याप्त स्रोत निवेश, प्रविधिको बुद्धिमानीपूर्ण उपयोग र सबै तहमा उत्तरदायी कार्यशैली अवलम्बन गर्न ढिला गर्नु हुँदैन। यो नै नेपालको विद्यालय शिक्षाको रूपान्तरणको मार्ग हो।

## निष्कर्ष

शिक्षक व्यवस्थापन र क्षमता विकासमा असन्तुलन, विद्यार्थी–शिक्षक अनुपातको असमानता, तथा पर्याप्त

तालिम र स्थायित्वको अभाव शिक्षाको गुणस्तर खस्कनुका प्रमुख कारकहरू हुन् । यस्तै पाठ्यक्रम अद्यावधिक भए तापनि त्यसको कार्यान्वयनमा देखिएको कमजोरी, ग्रामीण र पिछडा क्षेत्रका विद्यालयमा शिक्षण सामग्री र दक्ष शिक्षकको कमीले गुणस्तरीय शिक्षा दिन अवरोध सिर्जना गरिरहेको छ । साथै सङ्घीय, प्रदेश र स्थानीय तहबीचको समन्वयको अभाव, राजनीतिक हस्तक्षेप, तथा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघ जस्ता निकायहरूको अपूर्ण सक्रियताले शैक्षिक सुशासनमा समस्या देखिएको छ । सूचना तथा सञ्चार प्रविधिको उपयोग विद्यालय शिक्षामा गुणस्तर वृद्धि र व्यवस्थापन सुदृढीकरणको लागि प्रभावकारी उपकरण बन्ने सम्भावना बोकेको छ। तर प्रविधिको पहुँच र पूर्वाधार ग्रामीण तथा दुर्गम क्षेत्रसम्म पुग्न नसकेको, उपलब्ध पूर्वाधारको उपयोगसमेत प्रभावकारी हुन नसकेको अवस्थाले डिजिटल विभाजन थप गहिरिएको छ। शिक्षामा विज्ञान प्रविधिको सफल कार्यान्वयनका लागि भौतिक पूर्वाधार, इन्टरनेट सुविधा, डिजिटल सामग्री विकास र शिक्षक तथा विद्यार्थीको डिजिटल साक्षरता अभिवृद्धि अपरिहार्य देखिन्छ।

नेपालमा विद्यालय शिक्षाको सुधार दीर्घकालीन प्रक्रिया हो । यसको लागि शिक्षक क्षमता विकास, पाठ्यक्रम सुधार, विज्ञान प्रविधि पूर्वाधार विस्तार, शिक्षा प्रशासनमा पारदर्शिता, उत्तरदायित्व र सुशासन सुदृढीकरण तथा अन्तरसरकारी समन्वयलाई केन्द्रमा राख्दै सुधार कार्यक्रम अघि बढाउन आवश्यक छ । नीति निर्माता, शिक्षा प्रशासन, शिक्षक, अभिभावक र समुदायको साझा प्रतिबद्धता तथा सहकार्यविना गुणस्तरीय शिक्षा प्रवाह सम्भव छैन। सङ्घीय संरचनाले प्रदान गरेको अवसरलाई सदुपयोग गर्दै शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र प्रविधिमैत्री बनाउन अझ प्रभावकारी प्रयास गर्नुपर्ने निष्कर्षमा यो अध्ययन पुगेको छ।

## सन्दर्भ सामग्रीहरू


ActionAid Nepal. (2023). *Nepal citizens' education report 2023*. ActionAid Nepal.

Asian Development Bank. (2022). *Nepal education sector assessment: Strengthening inclusive and quality education*. ADB.

Education Review Office. (2020). *National assessment of student achievement (NASA) report 2020*.

Education Review Office. (2023). *National assessment of student achievement (NASA) report 2023*.

Ministry of Education, Science and Technology. (2019). *National education policy 2076*.

Ministry of Education, Science and Technology. (2021). *ICT in education master plan 2021–2026*.

Ministry of Education, Science and Technology. (2022). *School education sector plan 2022–2031*.

Ministry of Education. (2013). *ICT in education master plan 2013–2017*.

Ministry of Education. (2016). *School sector development plan 2016–2023*.

Karkee, K. (2022). Federalism and education governance in Nepal: Challenges and prospects. *Journal of Education and Development*, *12*(1), 35–50.

Madhesh Province Government. (2023). *Provincial education status and e-learning initiatives*. Education Development Directorate.

World Bank. (2023). *Public expenditure review in education: Nepal*.

UNESCO. (2023). *Education policy review: Nepal*.

UNICEF Nepal. (2022). *Digital learning in Nepal: Status, gaps and recommendations*. UNICEF Nepal.